annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २४, अंक ३५ पृष्ठ १० | काठमाडौं, बुधबार २१ जेठ २०८२ | जेष्ठ शुक्लपक्ष अष्टमी नेपाल संवत् ११४५ | WEDNESDAY, JU... | ...थ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# नेतालाई गृह मन्त्रालय किन अफाप ?

०४६ को राजनीतिक परिवर्तन पछिका अधिकांश गृहमन्त्री विवादमा परे । कोही पदमै हुँदा जेलमा गए, कसैको राजनीतिक जीवन नै समाप्त भयो । आखिर गृहमन्त्रीहरू किन विवादमा पर्छन् त ? जानकारहरू भन्छन्- अधिकांश गृहमन्त्रीहरू आफ्ना आसेपासे (सल्लाहकार, सचिवालय र आफन्त) को दबाब र प्रभावमा परेर अनियमितता, भ्रष्टाचार वा अनैतिक कार्यमा समावेश हुन्छन् र विवादको खाल्डोमा पर्छन् ।'

समाचार पृष्ठ २

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

**– को रिपोर्ट**




## मंगोलियाका प्रधानमन्त्रीद्वारा राजीनामा

**उलनबाटर** (एजेन्सी): मंगोलियाका प्रधानमन्त्री लुब्सान्नामस्रााइन ओयुन-एर्डेनले सांसदहरूबीच विश्वास मत गुमाएपछि मंगलबार राजीनामा दिएको संसदीय विज्ञप्तिमा बताइएको छ। राजधानी उलानबटारमा कथित भ्रष्टाचारविरुद्ध केही दिनको विरोध प्रदर्शनपछि गोप्य मतदान भएको हो। ओयुन-एर्डेन ३० दिनभित्र आफ्नो उत्तराधिकारी नियुक्त नभएसम्म कार्यवाहक प्रधानमन्त्रीका रूपमा रहने विज्ञप्तिमा भनिएको छ। उत्तरी एसियाको भूपरिवेष्टित लोकतन्त्र मंगोलियाले दशकौंदेखि गहिरो भ्रष्टाचारसँग लड्दै आएको छ।

देशका धनी अभिजात वर्गले सामान्य जनसंख्याको खर्चमा वर्षौं लामो कोइला खानीको लाभ जम्मा गरिरहेको मुलुकका धेरै जना विश्वास गर्छन्। सन् २०२१ मा ओयुन-एर्डेनले सत्ता सम्हालेपछि ट्रान्सपरेन्सी इन्टरनेसनलको भ्रष्टाचार धारणा सूचकांकमा मंगोलिया तल झरेको छ। देशले बारम्बार प्रदर्शन र अशान्ति देखेको छ र सयौं युवा गत साता उलानबटारमा उहाँको राजीनामाको माग गर्दै निस्केका थिए।

## राइड सेयरिङ नियमावली स्थगन, यातायात व्यवसायीको आन्दोलन फिर्ता

**कृष्णमणि बराल** | *पोखरा*

गण्डकी प्रदेश सरकारले राइड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली २०८२ को कार्यान्वयन प्रक्रिया स्थगित गरेको छ। संघ सरकारको हस्तक्षेपछि गण्डकी प्रदेश सरकार पछि हटेको हो। गण्डकी प्रदेश सरकारको निर्णयपछि यातायात व्यवसायीले पनि आन्दोलन फिर्ता लिएका छन्। व्यवसायीले प्रेस विज्ञप्ति जारी गरी आन्दोलन फिर्ता लिएको जानकारी दिएका छन्।

उक्त नियमावलीको विरोधमा यातायात व्यवसायीले सार्वजनिक यातायात ठप्प पारेका थिए। संघ सरकार र यातायात व्यवसायीबीच सोमबार मध्यराति भएको वार्तामा गण्डकी प्रदेश सरकारको नियमावली स्थगन गर्ने सहमति भएको थियो। उक्त सहमतिअनुसार केन्द्र सरकारले प्रदेशलाई 'दबाब' दिएको थियो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जेठ २० गते गण्डकी प्रदेश सरकारलाई पठाइएको औपचारिक पत्रका



आधारमा अस्थायी रूपमा एक महिनाका लागि नियमावली कार्यान्वयन स्थगित गरिएको गण्डकी प्रदेश सरकारका सचिव ई कमलकुमार अधिकारीले बताए। पत्रमा जनजीवनलाई सहज बनाउने उद्देश्यले नियमावली अन्तर्गतको कार्यान्वयन तत्काल रोक्न आग्रह गरिएको थियो।

संघीय सरकारको आग्रह र सार्वजनिक यातायात बन्दका कारण उत्पन्न परिरिस्थितिलाई ध्यानमा राख्दै प्रदेश सरकारले सरोकारवाला पक्षहरूसँग वार्ता प्रक्रिया अघि बढाउने निर्णयसमेत गरेको छ। गण्डकी प्रदेश सरकारले राइड सेयरिङ सेवा नियमन गर्न जारी गरेको नियमावली कुनै आकस्मिक निर्णय नभई विधिको शासन, संवैधानिक आदेश र संघीय सहमतिका आधारमा बनेको जनाएको छ। सर्वोच्च अदालतबाट २०७८ भदौ ३ गते पे वाइक सेवालाई नरोक्नका लागि अर्को आदेश जारी भएको तथा तथा सर्वोच्च अदालतबाट २०८१ असार १३ मा पठाओ वा राइड सेयरिङलाई बन्द नगर्ने, तत्काल कानुन प्रबन्ध गर्नका लागि निर्देशात्मक आदेश जारी भएको थियो।


संघीय सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रीको अध्यक्षतामा बसेको बैठकबाट २०८१ मा नै प्रदेश सरकारहरूले राइड सेयरिङ सेवा नियमन गर्न कानुन बनाउन सक्ने सहमति भएको आधारमा गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा १३(४) अनुसार नियमावली जारी गरिएको थियो। संघ सरकार आफैंले सर्वोच्च अदालतको आदेश कार्यान्वयन गर्नुपर्नेमा प्रदेश सरकारलाई समेत ब्याक गराएको हो।

## पेरिस संग्रहालयबाट म्याक्रोनको मैनको मूर्ति चोरी

**एजेन्सी** (पेरिस) : ग्रीनपिस नामक एक विश्वव्यापी अभियानका कार्यकर्ताहरूले फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनको मैनको मूर्ति संग्रहालयबाट चोरेर पेरिसस्थित रूसी दूतावास बाहिर राखेका छन्। रूस र फ्रान्सबीचको निरन्तर व्यापारिक सम्बन्ध र म्याक्रोनको जलवायु नीतिहरूको विरोध गर्दै उनीहरूले यसो गरेका हुन्।

ग्रीनपिसले जारी गरेको एक विज्ञप्तिअनुसार कार्यकर्ताहरूले सोमबार स्थानीय समयअनुसार बिहान १०:३० बजे मध्य पेरिसको ग्रिभिन संग्रहालयबाट म्याक्रोनको मैनको मूर्ति निकालेर लगेका हुन्। 'उनले रूससँगको फ्रान्सेली सम्झौताहरू समाप्त नगरेसम्म र युरोपभरि महत्वाकांक्षी र दिगो पारिस्थितिक संक्रमण सुरु नगरेसम्म उनी यस विश्व-प्रसिद्ध सांस्कृतिक संस्थामा प्रदर्शन गर्न योग्य छैनन्', विज्ञप्तिमा भनिएको छ।

कार्यकर्ताहरूले मूर्तिलाई फ्रान्सेली राजधानीको पश्चिममा रहेको रूसी दूतावासमा लगे। त्यहाँ उनीहरूले ग्यास, आणविक ऊर्जा र रासायनिक मल जस्ता क्षेत्रमा मस्कोसँग निरन्तर व्यापारको निन्दा गर्ने ब्यानरहरू प्रदर्शन गरे।




## शिक्षक-शिक्षिकाको स्वागत, विद्यार्थीमा उमंग

**शिव उप्रेती** | *गोरखा*

हिमालय मावि बारपाकको प्रवेशद्वारमा मंगलबार बिहान साढे नौ बजे सन्तकुमारी घले मिस, मीनाकुमारी घले मिस र दीपेन्द्र बानियाँ सर दुवै हात जोडेर नमस्कार गर्दै उभिरहेका थिए। सानासाना बालबालिकाहरू किताब, कापीले भरिएको झोला बोकेर धमाधम आउँदै थिए। सर, मिसहरूले हँसिलो मुहारमा गुडमर्निङ, नमस्कार, अनि स्थानीय भाषामा स्योपो ख्याङ भनिरहेका थिए। विद्यार्थीहरू हाँस्दै 'गुडमर्निङ, स्योपो ख्याङ, नमस्कार, ढोगदिया' भन्दै विद्यालय प्रवेश गर्दै थिए। शिक्षक, विद्यार्थीको यो सुन्दर दृश्य छोराछोरी पुऱ्याउन स्कुल गेटसम्म आएका अभिभावकहरू दंग पर्दै हेरिरहेका थिए।

यस वर्षदेखि विद्यालयले सुरु गरेको यो सुन्दर परम्परासँग उनीहरू पुलकित थिए। भूकम्पको केन्द्रबिन्दु भनेर नाम चलेको बारपाकको हिमालय माविले गत वैशाखको २० गतेदेखि विद्यार्थीलाई न्यानो स्वागत गर्ने परम्परा सुरु गरेको हो। '१९ गतेको स्टाफ बैठकले निर्णय गरेर २० गतेबाट हामीले विद्यार्थीलाई स्वागत गर्न सुरु गरेका हौं', प्रधानाध्यापक राम उद्गार महतोले भने, 'हामी २४ जना शिक्षक स्टाफ छौं। प्रत्येक



मुस्कानसहित विद्यार्थी स्वागत गर्दै हिमालय माविका शिक्षकहरू । ● शिव उप्रेती

दिन दुई-दुई जना सर, मिसहरू मूलगेटको दायाँ-बायाँ उभिनुहुन्छ अनि, गुडमर्निङ, नमस्कार अनि स्थानीय भाषाबाट स्योपो ख्याङ भन्नुहुन्छ, 'यसरी मुस्कानसहित स्वागत गरेपछि विद्यार्थी पनि अति नै खुसी भएको देखियो। अभिभावक पनि खुसी हुनुहुन्छ। बारपाक भ्रमणमा आएका विदेशी पर्यटकहरू पनि मुस्कानसहितको स्वागत देखेर रोमाञ्चित हुने गरेका छन्। केही दिनअघि शिक्षा मन्त्रालयबाट सरहरू विद्यालयको अनुगमनमा आउनुभएको थियो। उहाँहरू पनि नौलो परम्परा देखेर धेरै खुसी हुनुभयो। हामीलाई धन्यवाद दिनुभयो।'

यही परम्परा केही वर्षअघि विद्यालय व्यवस्थापन समितिले विद्यार्थीमार्फत सुरु गरेको थियो। तर, त्यतिबेला विद्यार्थीहरूले निरन्तरता नदिएका कारण एक महिनापछि बन्द भएको एक शिक्षक सलिना गुरुङले बताइन्। यसपटक भने सबै शिक्षकले अपनत्व लिएकाले निरन्तरता पाउने विश्वास लिइएको उनले बताइन्। विद्यार्थी मैत्री वातावरण देखेपछि यसपटक ५१ जना नयाँ विद्यार्थी भर्ना भएका विद्यालयले जनाएको छ। गतवर्ष जम्मा सात जना नयाँ भर्ना भएको यहाँ यसबर्ष बोर्डिङ स्कुलबाट पनि सामुदायिक विद्यालयमा भर्ना हुन आएको उनले बताए।